धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा पत्रिका नियमित नआएमा ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ४० ◆ २०८३ भदौ ९ गते मंगलबार, Tuesday, August 25, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## तीन सय ६७ किलो गाँजासहित तीन पक्राउ

काठमाडौं । प्रहरीले उदयपुर र चितवनबाट तीन जनालाई पक्राउ गरेको छ ।

प्रहरीले ३६७ केजी अवैध लागुपदार्थ-गाँजासहित सोम मगर, दिल्लीराम थारू र कर्णबहादुर तामाङलाई पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएको प्रहरीले बेतिनीबाट कटारीतर्फ आउँदै गरेको ना ७ ख ८१७३ नम्बरको टिपरलाई जाँच गर्ने क्रममा टिपरको ढालाभित्र लुकाइछिपाइ राखेको नौ वटा बोराबाट उक्त परिमाणको गाँजा फेला पारेको थियो ।

उदयपुरको कटारी नगरपालिका-४ मरूवा खोलाबाट १९९ किलो गाँजासहित सोही वडाको कान्छी बजार बस्ने २१ वर्षीय सोम मगरलाई पक्राउ गरिएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । प्रहरीले चितवनको राप्ती नगरपालिका-१० चिप्लेटीबाट १६८ किलो गाँजासहित दुई जनालाई सोमबार बिहान पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा नवलपरासी पूर्व गैँडाकोट नगरपालिका-२ भृकुटीचोक बस्ने मध्यबिन्दु नगरपालिका-७ मिलनचोकका ५१ वर्षीय दिल्लीराम थारू र राप्ती नगरपालिका-१ पिप्ले बस्ने ३६ वर्षीय कर्णबहादुर तामाङ छन् । जिप्रका चितवनबाट खटिएको प्रहरीले बा प्र ०३-०१-०२३ च ५८२८ नम्बरको कार जाँच गर्ने क्रममा उक्त परिमाणको गाँजा फेला पारी चालक दिल्लीराम र कारमा सवार कर्णबहादुरलाई पक्राउ गरेको हो ।

## परराष्ट्रमन्त्री खनाल सर्बिया जानुहुने

काठमाडौं । परराष्ट्रमन्त्री शिशिर खनाल यही भदौ १४ गते तीन सदस्यीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै सर्बियाको राजधानी बेलग्रेड जानुहुने भएको छ ।

असंलग्न आन्दोलन (नाम) को उच्चस्तरीय स्मरणसभामा सहभागी हुन उहाँ त्यसतर्फ जान लाग्नुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

सर्बियाको राजधानी बेलग्रेडमा यही भदौ १५ र १६ गते उच्चस्तरीय स्मरणसभाको आयोजना हुँदैछ ।

सन् १९६१ मा बेलग्रेडमै असंलग्न आन्दोलनको पहिलो शिखर सम्मेलन भएको थियो । ६५औं वार्षिकोत्सवका अवसरमा यस वर्ष बेलग्रेडमा उच्चस्तरीय स्मरणसभा आयोजना गर्न लागिएको हो । कार्यक्रममा विश्वका नेताहरू, प्रतिनिधिमण्डल तथा असंलग्न आन्दोलनमा सहभागी राष्ट्रका प्रतिनिधिको सहभागिता रहनेछ ।

नेपालले आफ्नो परराष्ट्र नीति सञ्चालनको आधारस्तम्भका रूपमा असंलग्नताको सिद्धान्तलाई अङ्गीकार गर्दै आएको छ । असंलग्न आन्दोलनप्रतिको नेपालको प्रतिबद्धतालाई संविधानले प्रमुख नीतिका रूपमा स्वीकार गरेको छ ।

नेपालले असंलग्न आन्दोलनका बाङडुङ सम्मेलनदेखि शिखर सम्मेलन, मन्त्रिस्तरीय बैठक तथा अन्य बैठकमा उच्चस्तरीय सहभागिता जनाउँदै आएको छ । उहाँ भदौ १७ गते सर्बियाबाट नेपाल फर्कने कार्यक्रम रहेको मन्त्रालयले जनाएको छ ।

## पशुपतिनाथमा विशेष पूजा

काठमाडौं । पशुपतीनाथ मन्दिरमा सोमबार विशेष पूजा सम्पन्न भएको छ । पशुपतिनाथ मन्दिरमा ३२५ जना भक्तजनले कोषले तोके अनुसारको दक्षिणाको रसिद काटी विशेष पूजा गरेका हुन् ।

चान्द्रमासअनुसार सोमबार अन्तिम सोमबार हो । गत सोमबार करिब ३०० भक्तजनले विशेष पूजा गरेका थिए । भक्तजनले बिहानैदेखि पशुपतिनाथ मन्दिर मा पूजा, आराधना एवं दर्शन गरेको पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्का सदस्य केदारमान भण्डारीले रासससलाई जानकारी दिनुभयो । चान्द्रमासअनुसार श्रावण महिनाको चौथो अर्थात् अन्तिम सोमबार भएकाले पशुपतिनाथ मन्दिरमा पूजा, आराधना गर्ने भक्तजन अहिले पनि लाममा बसेका छन् । बोल बम यात्री बिहान २:०० बजेदेखि नै लाममा बसेका थिए । पशुपतिनाथका चार ढोका भने सोमबार बिहान ४:०० बजेदेखि मात्र खोलिएको थियो ।

सौरमास अनुसारका चार सोमबार बिहान ३:०० बजेदेखि नै पशुपतिनाथका चार ढोका खुला गरिएको थियो । चान्द्रमास अनुसारको सोमबार के गर्ने भन्ने निर्णय नभएकाले बिहान ४:०० बजे मात्र ढोका खोलिएको कोष संस्कृति संरक्षण महाशाखाका पुरातत्व अधिकृत सुशीलकुमार गौतमले बताउनु भयो । सौरमासअनुसार साउनका सोमबार जत्तिकै पशुपति क्षेत्रमा आज पनि भक्तजनको उपस्थिति रहेको छ । चाडपर्व चान्द्रमासअनुसार मनाइने भएकाले चान्द्रमास अनुसारको सोमबार पनि पशुपति क्षेत्रमा भक्तजनको उपस्थिति र हेको कोषले जनाएको छ ।

## जुम्लाबाटै प्राप्त गरे ई-पेन्सन सेवा

जुम्ला । हिमाली जिल्ला जुम्लामा ई-पेन्सन सेवा सञ्चालनमा ल्याइएसँगै सेवा निवृत्त कर्मचारीलाई सहज भएको छ ।

निजामती कर्मचारीका लागि पहिलो पटक ई-पेन्सन सेवा सुरु गरिएको कोष तथा लेखा नियन्त्रक कार्यालय जुम्लाका कोष नियन्त्रक मञ्जित अछामीले जानकारी दिनुभयो । सङ्घीय सरकारको अर्थ मन्त्रालयले सुरु गरेको ई-पेन्सन सेवा जुम्लामा पनि कार्यान्वयनमा ल्याएकामा गतवर्ष चारजना कर्मचारी त्यो सेवा प्राप्त गरेको उहाँको भनाइ छ । कृषि विकास कार्यालयका कृषि अधिकृत कमल थापा क्षेत्रीले चन्दननाथ नगरपालिकाबाट पहिलो सेवाग्राहीका रूपमा त्यस सेवा लिनुभएको जानकारी दिइएको छ । स्थानीय तहबाटै ई-पेन्सन सेवा उपलब्ध भएपछि काठमाडौं जानु पर्ने बाध्यता हटेको छ ।

## गोसाइँकुण्ड मेला तयारी पूरा, निर्धक्क भएर यात्रा गर्न अनुरोध

❑ प्रत्यूष समाचारदाता



रसुवा । जनैपूर्णिमा दिन गोसाइँकुण्ड मेला भर्न आउने भक्तजनको स्वास्थ्य, सुरक्षा, खानपान-बसाइलगायत सम्पूर्ण तयारी पूरा भएको छ ।

लाङटाङ राष्ट्रिय निकुञ्जको अगुवाइमा गठित ११ वटा उपसमितिको तर्फबाट आआफ्नो जिम्मेवारी पूरा गरी भक्तजनको धार्मिक यात्रालाई अघिल्ला वर्षहरूको भन्दा सहज, सुरक्षित र सफल बनाउने प्रतिबद्धता व्यक्त गरिएको छ ।

यसै सन्दर्भमा गोसाइँकुण्ड गाउँपालिकाका अध्यक्ष कैसाङनुर्पु तामाङले मौसममा आउने प्रतिकूलतालाई ख्याल गरी निर्धक्क भई आउन अनुरोध गर्दै यात्राका क्रममा असहज परिस्थिति सिर्जना भए आवश्यकताअनुसार सवारीसाधन र त्यसबाट नभए हेलिकप्टरसमेत प्रयोग गरी निःशुल्क रुपमा बिरामीको उद्धार गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

हिमालय उद्धार सङ्घ, नेपालका कार्यकारी निर्देशक गोविन्द बत्स्यालले समुद्र सतहदेखि चार हजार ३८० मिटरको उचाइमा रहेको गोसाइँकुण्डमा यात्राका क्रममा भक्तजनलाई लेक लाग्ने तथा अन्य स्वास्थ्य समस्या देखिन सक्ने भएकाले आवश्यकता अनुसार विभिन्न ठाउँमा स्वास्थ्य शिविर सञ्चालन गरिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार आइतबार मध्याह्नदेखि सञ्चालनमा आएको स्वास्थ्य शिविर भदौ १३ गतेसम्म सञ्चालन हुनेछ । शिविरमा आवश्यक औषधि तथा अक्सिजन सहित छ जना चिकित्सक र हिमालय उद्धार सङ्घका प्रतिनिधिका रूपमा प्रकाश खत्रीलाई खटाइएको छ ।

यसैबीच गोसाइँकुण्ड यात्रालाई सुरक्षित बनाउन नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालसमेतका सुरक्षा निकायलाई आवश्यकताअनुसार परिचालन गरिएको रसुवाका प्रमुख जिल्ला अधिकारी नरेन्द्र परियारले स्पष्ट गर्नुभएको छ । सामाजिक सञ्जालमा देखाइए जस्तो गोसाइँकुण्ड जाने बाटोका कुनै पनि स्थानमा अहिले असहज अवस्था नरहेको र भारी वर्षाका कारण खसेका पहिरोसमेत तत्काल हटाउने काम भइरहेको प्रजिअ परियारले जानकारी दिनुभयो । यद्यपि यात्राका क्रममा भौगर्भिक अवस्थालाई ध्यानमा राख्दै सम्भावित जोखिम न्यूनीकरण गरेर मात्र अघि बढ्न सम्बद्ध सबैसँग उहाँको सुझाव छ ।

गोसाइँकुण्ड यात्राका क्रममा स्वास्थ्य, सुरक्षा एवं बिरामी परेमा सुरक्षाकर्मीद्वारा उद्धारसमेतका व्यवस्थापन मिलाइ सकिएकाले निर्धक्क भएर यात्रा गर्नसमेत प्रजिअ परियारले सबैसँग अनुरोध गर्नुभएको छ ।

## बडीमालिकामा फोर-जी सेवा विस्तार, सबै नागरिकलाई गुणस्तरीय सञ्चार सेवाको पहुँचमा ल्याउने सञ्चारमन्त्रीको प्रतिबद्धता

❑ प्रत्यूष समाचारदाता

काठमाडौं । धार्मिक एवं पर्यटकीय गन्तव्य बाजुराको बडीमालिका क्षेत्रमा फोर-जी सेवा विस्तार भएको छ ।

नेपाल टेलिकमले बडीमालिका क्षेत्रमा फोर-जी सेवा विस्तार गरेसँगै सोमबारदेखि त्यहाँ मोबाइल तथा इन्टरनेट सेवा सञ्चालनमा आएको हो । उक्त क्षेत्रमा सञ्चार सेवा उपलब्ध भएपछि स्थानीय, तीर्थयात्री, पर्यटक तथा विभिन्न सरकारी तथा गैरसरकारी निकाय पनि लाभान्वित भएका छन् ।

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले भर्चुअल माध्यमबाट सेवा सञ्चालनको उद्घाटन गर्दै दुर्गम भेगका नागरिकलाई सञ्चारको आधारभूत अधिकारबाट वञ्चित हुन नदिन सरकार प्रतिबद्ध रहेको बताउनुभयो । दूरसञ्चार सेवा पुऱ्याउन निरन्तर खटिने नेपाल टेलिकमका कर्मचारी, हेलिकप्टरमार्फत सामग्री ढुवानीमा सहयोग गर्ने नेपाली सेना तथा कार्यमा समन्वय र सहकार्य गर्ने बडीमालिकाका जनप्रतिनिधि लाई सञ्चारमन्त्री डा. तिमिल्सिनाले धन्यवाद ज्ञापन गर्नुभयो। सञ्चारमन्त्री तिमिल्सिनाले सरकारले यस वर्षलाई दूरसञ्चार क्षेत्रमा अभूतपूर्व सुधार र डिजिटल रूपान्तरणको वर्षका रूपमा अघि बढाउन लागेको उल्लेख गर्दै भौगोलिक रूपमा विकट भएकै कारण कुनै पनि नागरिक सञ्चार सेवाबाट वञ्चित हुनुपर्ने अवस्था अन्त्य गरिने बताउनुभयो। उहाँले देशका दुर्गम तथा पर्यटकीय क्षेत्रसम्म गुणस्तरीय टेलिफोन र इन्टरनेट सेवा विस्तारलाई प्राथमिकताका साथ अघि बढाइएको जानकारी दिनुभयो ।

सेवा सञ्चालनपछि सञ्चारमन्त्री डा. तिमिल्सिनाले टावर स्थापनाका लागि बडीमालिका क्षेत्रमा खटिएका नेपाल टेलिकमका प्राविधिकसँग भिडियो कलमार्फत प्रत्यक्ष संवाद गर्नुभयो । नेपाल टेलिकमको वायरलेस सेवा निर्देशनालय र सुदूरपश्चिम प्रादेशिक निर्देशनालयबाट टावर निर्माणका लागि बडीमालिका क्षेत्रमा खटिएका कर्मचारीसँग उहाँले सेवा सञ्चालनको अवस्था र त्यहाँका कठिनाइबारे जानकारी लिनुभयो । भिडियो संवादका क्रममा सहायक प्राविधिक अधिकृत माधव बुढाथोकी, इन्जिनियर सुदर्शन आचार्य, सिभिल इन्जिनियर दीपकराज भट्टलगायतका प्राविधिकले टावर स्थापना तथा सेवा सञ्चालनका क्रममा भएका कामबारे जानकारी गराउनुभएको थियो ।

उहाँले टेलिकमको सेवा पहुँच विस्तारसँगै गुणस्तर सुधारका काम भइरहेको जानकारी दिनुभयो । प्रबन्ध निर्देशक पहाडीले व्यावसायिक लाभलाई मात्र आधार बनाएर सेवा विस्तार गर्नुभन्दा सञ्चार सेवाको पहुँच कमजोर रहेका दुर्गम क्षेत्रमा सेवा पुऱ्याउने जिम्मेवारीलाई प्राथमिकता दिइएको बताउनुभयो । देशका विकट भूभागमा समेत नागरिकलाई सञ्चार सेवाको पहुँचमा ल्याउने उद्देश्यअनुसार नयाँ पूर्वाधार निर्माण र सेवा विस्तार भइरहेको बताउनुभयो ।

## शिवाङ्गी दुबेः कुस्ती खेलमा नेपालको प्रतिनिधत्व गर्दै

महेन्द्रनगर । शिवाङ्गी दुबे कुस्ती खेलमा नेपालको प्रतिनिधित्व गर्ने खेलाडी हुन् ।

दुबेले लगातार दुई पटक एसियाली खेलकुद (एसियाड) प्रतियोगितामा सहभागिता जनाइसक्नुभएको छ । दक्षिण एसियाली खेलकुद (साग) मा रजत पदक जितिसकेकी शिवाङ्गी आसन्न जापानमा आयोजना हुने आगामी २०औं एसियाली खेलकुद (एसियाड) मा कुस्तीमा पदक जित्ने आशालाग्दी खेलाडी हुनुहुन्छ । "उहाँ मेहनती खेलाडी हुन् । त्यसैले दोस्रो पटक एसियाडमा प्रतिस्पर्धा गर्दै छिन् ।" कुस्ती प्रशिक्षक राजेन्द्रबहादुर चन्दले भन्नुभयो, "१९औं एसियालीमा सहभागिता मात्रै भए पनि आसन्न प्रतियोगितामा भने शिवाङ्गीले पदक ल्याउने सम्भावना छ ।" विगत १ महिनादेखि अयोध्यामा प्रशिक्षणमा रहेको नेपाली कुस्ती टोलीमा चार पुरुष र दुई महिला खेलाडी प्रशिक्षण गरिरहनुभएको छ । कञ्चनपुरबाट कुस्ती खेल थालेकी शिवाङ्गी हाल नेपाली सेनाको त्रिभुवन आर्मी क्लबसित आबद्ध हुनुहुन्छ । शिवाङ्गीसँगै ६२ किलो तौल समूहमा नेपालगञ्जकी सुशीला चन्द पनि आसन्न एसियाडमा सहभागी हुँदै छिन् । पछिल्लो केही वर्षयता नेपाली कुस्तीमा सुदूरपश्चिमका महिला खेलाडीहरुको वर्चस्व रहेपछि खेलाडी विभागीय टोलीमा आबद्ध हुने क्रम चलिरहेको प्रशिक्षक चन्दको भनाइ छ । कञ्चनपुरबाट आसन्न एसियाडमा चार जना महिला खेलाडी सहभागी छन् । १९औं एसियाडमा काष्य पदक नेपालले जित्दा महिला कबड्डीमा छ जना खेलाडी कञ्चनपुरका थिए । आसन्न एसियाडमा मानमती विष्ट, रविना चौधरी, जयन्ती बडू र मनिषा जोशी महिला कबड्डी टोलीमा छन् । कबड्डीका प्रशिक्षक विष्णुदत्त भट्टले मनिषाबाहेक अन्य तीन खेलाडी यसअघिको एसियाडमा सहभागी भइसकेको बताउनुभयो । कबड्डी खेलाडी मानमती कञ्चनपुरको भीमदत्त नगरपालिका, मनिषा शुक्लाफाँटा नगरपालिका, रविना बेल्डाडी गाउँपालिका र जयन्ती वेदकोट नगरपालिकाका बासिन्दा हुन् ।

सम्पादकीय ....

## सरकार सक्तिशाली

नेपालमा वर्तमान सरकार गणितीय हिसाबले अत्यन्त शक्तिशाली छ। यो सरकारसँग सत्ता परिचालन गर्ने क्षमता अत्यन्त बढी हुनुपर्ने हो। तर, सरकारका हालसम्मका क्रियाकलापहरूलाई नजिकबाट विश्लेषण गर्दा अवस्था विपरीत देखिँदैछ। विगतमा दुईवटा ठूला दलहरूको संयुक्त सरकार बनेको थियो। यो सरकार धेरै शक्तिशाली हुनुपर्ने हो। जनताले यस्ता अति शक्ति सम्पन्न सरकारबाट धेरै कुराको अपेक्षा गर्ने परिस्थिति बन्न सक्नु पर्दथ्यो। तर, जनतामा देखिएको व्यापक असन्तुष्टिका कारण र त्यसको प्रत्यक्ष प्रभाव सत्ताका अभयवहरूमा पर्दा अकल्पनीय तवरले सरकार पतन भयो। वर्तमान बालेन नेतृत्वको सरकार जनताको बलबाट स्थापित हुनपुगेको हो। दुई तिहाई बहुमतबाट बनेको सरकारलाई शक्ति सम्पन्न मान्नुपर्दछ। तर सरकार सञ्चालन गर्ने पात्रहरूमा धेरै प्रकारका कमी-कमजोरीहरु देखिँदै गएका छन्। यसले गर्दा वर्तमान सरकार पनि अल्प अवधिमै जनताका नजरमा आलोचित बन्दैछ।

सर्वप्रथम त सरकारले स्थायी संयन्त्र विशेषगरी निजामती संयन्त्रलाई नै आफ्नो विश्वासमा लिएर परिचालित गर्नसकेको देखिएन। हरेक प्रत्येक सरकारका निर्णयहरु र व्यवहारले निजामती संयन्त्रका जिम्मेवार राष्ट्रसेवकहरूको तेजोवध हुँदैगएको छ। संयन्त्रको नेतृत्व कनिष्ठ व्यक्तिलाई दिइन्छ। प्रधानमन्त्रीलाई सन्देश पठाएको अपराधमा बहालवाला सचिव प्रहरीको हिरासतमा पुग्छन्। प्रक्रियागत पक्षलाई बेवास्ता गर्दै कानुनी प्रावधानविपरीत आदेशहरू निःसृत हुँदा कर्तव्यनिष्ठ कर्मचारीहरू त्यसलाई कार्यान्वयन गर्न सक्दैनन्। सरकार र व्यक्तिका बीच निजामती सेवामा प्रवेश गर्दा भएका सम्झौतालाई कर्मचारीले प्राप्त गर्ने सेवा सुविधामा प्रत्यक्ष असर पर्ने गरी ऐन संशोधन प्रक्रिया अघि बढाइन्छ। समग्र कर्मचारीतन्त्रलाई नै सरकारको व्यवहार हेर्दा अनावश्यक एवं राज्यलाई थप भारका रुपमा सरकारले ग्रहण गरेको स्पष्ट सन्देश कर्मचारीहरुले पाउँछन्। संगठनहरूका जनशक्ति कटौती गर्दै सानो आकारमा ल्याइने उद्घोष सिधै सरकारबाट हुन्छ। यसका प्रशासनिक मूल्य र मान्यताहरू सबै लोकतान्त्रिक मुलुकहरुले अवलम्बन गर्दछन्।

प्रधानमन्त्रीसँग गर्ने काम-कारबाही ब्रिफिङ र निर्देशन कानुनले नचिनेका व्यक्तिसँग लिनुपर्ने अवस्था छ। आफैसँग काम गरेका मुख्यसचिवलाई हालसम्मको परम्पराअनुसार प्रधानमन्त्री स्वयंले विदाई गरेर पठाउनुपर्ने चलनविपरीत सामान्य एक व्यक्तिले उनलाई विदाई गरेर पठाउने गरिएको छ। निजामती संयन्त्रसँग नतिजा सरकारले खोजेको छ। त्यसको लागि यो स्थायी संयन्त्र आफ्नै संयन्त्र हो।

संवैधानिक निकायहरू सरकारका मातहतमा रहँदैनन्। यस्ता निकायहरुले संवैधानिक प्रावधानअनुसार नै स्वतन्त्र रुपले कार्य गर्न सक्दछन्।

आवश्यकताअनुसार यी संस्थाहरूले आफ्नो कार्यक्षेत्रभित्र सीमितरही सरकारी काम-कारबाहीहरुलाई पनि नियन्त्रण गर्न सक्दछन्। यसतर्फ सरकारले समयमै ध्यान दिन जरुरी छ।

## उपभोक्ता अदालतको औचित्य, अभ्यास र आगामी दिशा

*बसन्त गौतम*

हामी सबै नागरिक कुनै न कुनै रूपमा उपभोक्ता हौँ। खाना, औषधि, कपडा, मोबाइल, सवारीसाधन, बैङ्क तथा बीमा सेवा, स्वास्थ्य उपचार, शिक्षा, इन्टरनेट, हवाई सेवा वा दैनिक उपभोगका अन्य वस्तु तथा सेवा प्रयोग गर्दा हामी उपभोक्ता बन्छौँ। तर, वस्तु वा सेवा खरिद गर्दा ठगिएमा, गुणस्तरहीन वस्तु पाएमा वा सेवाका कारण क्षति भएमा न्याय खोज्ने प्रक्रिया भने अझै धेरै उपभोक्ताका लागि जटिल र महँगो छ। यही समस्यालाई सम्बोधन गर्न नेपालमा उपभोक्ता अदालतको व्यवस्था गरिएको हो।

नेपालको न्यायिक इतिहास र नागरिक अधिकारको विकास क्रममा २०८१ माघ २८ गते प्रकाशित राजपत्रको सूचना र २०८१ फागुन २ गते (विश्व उपभोक्ता अधिकार दिवस) का अवसरमा तत्कालीन प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतद्वारा औपचारिक उद्घाटन भई सञ्चालनमा आएको उपभोक्ता अदालत एक ऐतिहासिक र युगान्तकारी कोशेढुङ्गा हो। लामो समयदेखि वस्तु तथा सेवाको गुणस्तरहीनता, बजारको मनपरी, सिन्डिकेट, कालोबजारी, अनुचित व्यापारिक क्रियाकलाप र उपभोक्तामाथि हुने ठगीका विरुद्ध प्रभावकारी कानुनी उपचार पाउनका लागि आम नागरिकले व्यहोर्नु परेको जटिलतालाई यस अदालतको स्थापनाले अन्ततः सम्बोधन गरेको छ। बजार र प्रविधिको विकास र विस्तारसँगै उपभोक्तासँग सम्बन्धित समस्या तथा विवादहरू तीव्ररूपमा बढ्दै गएको अवस्थामा यस्तो विशिष्टीकृत अदालतको आवश्यकता महसुस गरिएको हो।

संवैधानिक दृष्टिकोणबाट हेर्दा नेपालको संविधानको धारा ४४ ले प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने मौलिक हकको स्पष्ट प्रत्याभूति गरेको छ। यसका साथै गुणस्तरहीन वस्तु वा सेवाबाट कुनै पनि व्यक्तिलाई क्षति पुगेको खण्डमा कानुन बमोजिम उपयुक्त क्षतिपूर्ति पाउने हकलाई समेत मौलिक अधिकारकै रूपमा सुनिश्चित गरिएको छ। सोही संवैधानिक मर्मलाई व्यावहारिक रूप दिन उपभोक्ता हित संरक्षण मञ्च नेपालको तर्फबाट अधिवक्ता कुमारी खरेलले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई विपक्षी बनाई रिट निवेदन दर्ता गर्नुभएको थियो। उक्त रिटमा सर्वोच्च अदालतले २०७८ साल चैत ८ गते उपभोक्ता अदालत गठन गर्नका लागि ऐतिहासिक आदेश जारी गऱ्यो। सोही न्यायिक आदेशको कार्यान्वयन गर्दै नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८१ माघ २१ गतेको निर्णय अनुसार काठमाडौं उपत्यकाका तीन जिल्ला (काठमाडौँ, ललितपुर र भक्तपुर) को क्षेत्राधिकार रहने गरी काठमाडौँमा उपभोक्ता अदालतको औपचारिक स्थापना भई सञ्चालनमा आएको हो।

नेपालको संविधानको धारा ४४ ले प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक र गुणस्तरीय वस्तु वा सेवाबाट क्षति पुगेमा कानुन बमोजिम क्षतिपूर्ति पाउने हक सुनिश्चित गरेको छ। यसलाई कार्यान्वयन गर्न उपभोक्ता संरक्षण ऐन, २०७५ जारी भयो। ऐनले उपभोक्ताको अधिकार संरक्षणसँगै उपभोक्ता विवादको न्यायिक निरूपणका लागि विशेष अदालतको व्यवस्था गरेको छ। उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४१ ले सरकारले आवश्यकता अनुसार उपभोक्ता अदालत गठन गर्नसक्ने व्यवस्था गरेको छ। अदालतमा जिल्ला न्यायाधीश अध्यक्ष रहने र नेपाल न्याय सेवा तथा नेपाल सरकारका सम्बन्धित अधिकारी सदस्य रहने व्यवस्था छ।

### उपभोक्ता हितका बहुआयामिक पक्षहरू

आधुनिक बजार व्यवस्था, सूचना प्रविधि र ई-कमर्सको तीव्र विकाससँगै उपभोक्ताका समस्या र विवादहरू अत्यन्त बहुआयामिक र जटिल बन्दै गएका छन्। परम्परागत भौतिक बजार प्रणाली डिजिटल र भर्चुअल प्लेटफर्ममा रूपान्तरण भइरहँदा उपभोक्तामाथि हुने ठगी, भ्रमपूर्ण विज्ञापन र गैरकानुनी शुल्क असुलीका स्वरूपहरू पनि फेरिएका छन्। यस परिवेशमा उपभोक्ता हित संरक्षण केवल बजारमा गरिने आकस्मिक अनुगमन वा पसल 'सिल' गर्ने प्रशासनिक कारबाहीमा मात्र सीमित रहन सक्दैन। वस्तुतः उपभोक्ता हित संरक्षण, सुशासन कायम गर्ने प्रक्रिया र स्वच्छ बजार प्रणाली निर्माण गर्ने अभियान एकअर्कासँग अन्तरसम्बन्धित र परिपूरक रहेका छन्। यस सन्दर्भमा उपभोक्ता हित संरक्षण मञ्च नेपालले सुशासन, उपभोक्ता हित संरक्षण र स्वच्छ बजारलाई आफ्ना प्रमुख तीन कार्यक्षेत्रका रूपमा अघि बढाउँदै आएको छ। स्थानीय, प्रादेशिक र सङ्घीय तीनवटै तहमा स्वच्छ बजार व्यवस्थापन कायम गर्नका लागि उपभोक्तासँग सम्बन्धित नीति तथा कानुनमा सहजीकरण गर्ने कार्य मञ्चले गर्दै आएको छ। यसका साथै आम नागरिकको हितसँग जोडिएका विषयमा उपभोक्ता सरोकारको मुद्दा वा सार्वजनिक हितको मुद्दामार्फत न्यायिक निकायमा बहस पैरवी गर्ने काम भइरहेको छ। अर्कोतर्फ, उपभोक्ता अधिकारलाई आधारभूत मानवअधिकारकै अङ्गका रूपमा स्थापित गर्दै व्यवसाय र मानवअधिकारको अवधारणालाई प्रवर्द्धन गर्ने प्रयास भइरहेको छ।

त्यस्तै, उपभोक्ता हित संरक्षणको अर्को महत्वपूर्ण आयाम जनस्वास्थ्य र नसर्ने रोगहरूको रोकथामसँग जोडिएको छ। बजारमा उपलब्ध हुने खाद्यवस्तु र पेय पदार्थको गुणस्तरले नागरिकको स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने भएकाले सुर्तीजन्य र मदिराजन्य पदार्थको उपभोग नियन्त्रण एवं नियमनमा विशेष ध्यान दिनुपर्ने आवश्यकता छ। प्याकेट बन्द खाद्यवस्तुहरूमा अग्रभागको लेबलिङ अनिवार्य गर्ने, अत्यधिक नून र चिनी भएका हानिकारक खानेकुराको बिक्रीमा नियन्त्रण गर्ने तथा स्वच्छ खानपान र शारीरिक व्यायाम सम्बन्धी चेतना फैलाउने कार्यहरू पनि उपभोक्ता हित संरक्षणकै अभिन्न अङ्गका रूपमा रहेका छन्।

### उपभोक्ता अदालतको क्षेत्राधिकार, प्रक्रिया र प्रारम्भिक अभ्यास

उपभोक्ता अदालतको कानुनी अधिकारक्षेत्र र क्षेत्राधिकारको दायरालाई उपभोक्ता संरक्षण ऐन, २०७५ ले स्पष्ट रूपमा परिभाषित गरेको छ। उक्त ऐनको दफा ५८ अनुसार नेपाल सरकार वादी हुने फौजदारी प्रकृतिका कसुरहरूसम्बन्धी मुद्दाहरू उपभोक्ता अदालतमा चल्ने व्यवस्था गरिएको छ। त्यसैगरी ऐनको दफा ५० बमोजिम व्यवसायी वा सेवा प्रदायकको अनुचित कार्यबाट क्षति पुगेको अवस्थामा क्षतिपूर्तिको दाबी गर्न सकिने देवानी प्रकृतिका मुद्दाहरू पनि यसै अदालतको अधिकार क्षेत्रभित्र पर्दछन्।

अदालत समक्ष शारीरिक, मानसिक, आर्थिक, भौतिक वा अन्य कुनै पनि किसिमको क्षति व्यहोर्नुपरेमा क्षतिपूर्तिको दाबी लिएर पुग्न सकिने व्यवस्था छ। यस्तो क्षतिपूर्तिको दाबी मर्का पर्ने उपभोक्ता स्वयंले दर्ता गराउन सक्दछन्। यदि उपभोक्ता स्वयं अदालत जान असमर्थ भएमा वा निजको मृत्यु भएको अवस्थामा निजको हकवाला वा निजको तर्फबाट दर्तावाल उपभोक्ता सङ्घसंस्थाले समेत मुद्दा दायर गर्न सक्ने लचिलो कानुनी व्यवस्था गरिएको छ। यस व्यवस्थाले कानुनी प्रक्रियामा आम नागरिकको पहुँचलाई सुगम बनाएको छ।

### क्लास एक्सनको नयाँ सम्भावना

नेपालको कानुनी अभ्यासमा दुष्कृति ऐनको प्रयोग अहिलेसम्म निकै सीमित र प्रारम्भिक चरणमा मात्र रहेको थियो तर उपभोक्ता अदालतको गठनसँगै दुष्कृति कानुन अन्तर्गत 'मास टर्ट' र 'क्लास एक्सन' (समूहगत वा वर्गगत मुद्दा) को नयाँ सम्भावनाको ढोका खुलेको छ।

अन्तरराष्ट्रिय न्यायिक अभ्यासमा यस्ता सामूहिक मुद्दाहरूको ठूलो महत्त्व रहेको छ। फक्सवागन कम्पनीले सवारी साधनको उत्सर्जन परीक्षणमा गरेको धाँधली, एप्पल कम्पनीले पुराना फोनहरूको ब्याट्री स्लो गराएको काण्ड वा फेसबुकले प्रयोगकर्ताहरूको व्यक्तिगत डाटा गोपनीयता उल्लङ्घन गरेको विषयमा परेका 'क्लास एक्सन' मुद्दाहरू यसका उत्कृष्ट उदाहरण हुन्। नेपालको बजारमा पनि यस्तै किसिमका सामूहिक ठगी र लापरबाहीका अनेकौं सम्भावित क्षेत्रहरू रहेका छन्। खासगरी खाद्यवस्तु बिग्रन वा किरा नलागोस् भनी चामल तथा खाद्यान्नमा घातक विषादी मिसाउने कार्य, तोकिएको तौलभन्दा कम अर्थात् आधा मात्र ग्यास भरिएका एलपीजी सिलिन्डर बिक्री वितरण गर्ने प्रवृत्ति, गलत वा त्रुटिपूर्ण प्याथोलोजी ल्याब रिपोर्टका आधारमा हुने गलत स्वास्थ्य उपचार तथा विद्युत्, टेलिफोन, इन्टरनेट, बैङ्किङ वा सार्वजनिक यातायातजस्ता अत्यावश्यकीय सेवामा उपभोक्ताबाट गैरकानुनी रूपमा उठाइने अतिरिक्त शुल्कहरू मास टर्टका प्रत्यक्ष उदाहरण हुन्। यस्ता प्रकृतिका व्यापक ठगीविरुद्ध सामूहिक रूपमा क्लास एक्सन मुद्दाहरू उल्लेख्य रूपमा दर्ता गर्ने र गराउने दायित्व हामी सबैको हो।

### सातै प्रदेशमा विस्तार र उपभोक्ता अदालतको सफलताका शर्तहरू

वर्तमान अवस्थामा उपभोक्ता अदालतको कानुनी क्षेत्राधिकार काठमाडौँ उपत्यकाका तीन जिल्लामा मात्र सीमित रहेको छ। तर नेपालको सङ्घीय ढाँचा अनुसार देशका सातै प्रदेशमा बसोबास गर्ने सम्पूर्ण नागरिकहरू उपभोक्ता हुन् र उनीहरू पनि उत्तिकै ठगी, मिसावट र व्यापारिक शोषणको जोखिममा रहेका छन्। त्यसैले उपभोक्ता न्यायको पहुँचलाई देशव्यापी बनाउन काठमाडौँमा सीमित अदालतलाई अविलम्ब सातै प्रदेशमा विस्तार गर्नु अनिवार्य भइसकेको छ।

सातै प्रदेशमा उपभोक्ता अदालतको स्थापना र अदालतको सफलता नै उपभोक्ताको सफलता हो भन्ने मान्यतालाई आत्मसात गर्दै यसलाई सफल बनाउन केही महत्वपूर्ण कानुनी र व्यावहारिक कदमहरू चाल्नुपर्छ।

## अनलाइन ठगी हुनबाट बचौं

- अपरिचित नम्वर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ।
- अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं।
- बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,
- आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,
- अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,
- अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,
- अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं।

नेपाल सरकार,
विज्ञापन वोर्ड

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

# कानुन संशोधन गरेर जघन्य अपराधमा संलग्नलाई कडा कारबाही गर्न सांसदहरुको माग

काठमाडौं । प्रतिनिधिसभाका सदस्यहरुले विद्यमान कानुनी व्यवस्था संशोधन गरेर बलात्कार, यौनहिंसा र हत्याजस्ता जघन्य अपराधमा संलग्नमाथि कानुनी कारबाही गर्न सरकारसँग माग गर्नुभएको छ ।

सभाको सोमबारको शून्य समयमा सांसदहरुले आगामी दिनमा त्यसखाले घटना हुन नदिन प्रभावकारी सुरक्षा व्यवस्था मिलाउन, जनचेतना अभिवृद्धि गर्न र अपराधिक घटनामा संलग्नलाई हदैसम्मको सजायको व्यवस्था गर्न सरकारलाई सुझाव दिनुभयो ।

सांसद अनुश्का श्रेष्ठले बलात्कार लगायत जघन्य अपराधमा संलग्नलाई कडा कारबाही गर्ने व्यवस्था मिलाउन माग गर्नुभयो । सांसद अफ्साना बानुले संविधान संशोधन गरेरै भए पनि जघन्य अपराधमा संलग्नलाई कडा सजायको व्यवस्था गर्नुपर्ने धारणा राख्नुनभयो ।

सांसद डा अमरेशकुमार सिंहले अराजकता, अस्थिरता, हत्याहिंसा र बलात्कारको घटना नियन्त्रण गर्न सरकार गम्भीर ढङ्गले प्रस्तुत हुनुपर्ने बताउनुयभो । सांसद अरविन्द साहले मधेस प्रदेशका केही जिल्लामा आपराधिक घटना वृद्धि भएको जनाउँदै सुरक्षा व्यवस्था प्रभावकारी बनाउन माग गर्नुभयो ।

सांसद आकृति अवस्थीले कार्यालय, सार्वजनिक यातायात, विद्यालय, समुदाय तथा घरभित्र महिला सुरक्षित हुने अवस्था सुनिश्चित गर्न माग गर्नुभयो । सांसद आशिका तामाङले बलात्कारलगायत जघन्य अपराधमा संलग्नलाई कडा कारबाहीको कानुनी व्यवस्था नभएसम्म समाजबाट यस्ता घटना न्यून नहुने धारणा राख्नुभयो ।

सांसद एलिजा गुरुङले बालयौन हिंसा रोक्न विद्यालयस्तरमै उचित शिक्षा दिनुपर्नेमा जोड दिनुभयो । सांसद कन्हैया बनियाले आपराधिक घटना न्यूनीकरण गर्न कडा कानुनी कारबाहीको व्यवस्था गर्न माग गर्नुभयो ।

सांसद क्रान्तिशिखा धितालले घरेलु हिंसा, यौन दुर्व्यवहार र बाल हिंसाका प्रारम्भिक उजुरीलाई प्राथमिकता दिएर कारबाही प्रक्रिया अघि बढाउन सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद खगेन्द्र सुनारले बलात्कार र हत्यालगायत जघन्य अपराध रोक्न कडा कानुनी कारबाहीको व्यवस्था गर्न माग गर्नुभयो । सांसद गीताकुमारी सेन्दाङले महिला र बालिका माथिको हिंसाको घटना दोहोरिन नदिन कडा कानुनी व्यवस्था गर्न माग गर्नुभयो । सांसद गुरुप्रसाद बरालले जघन्य अपराध रोक्न सुरक्षा व्यवस्था मजबुद बनाउन सरकारलाई सुझाव दिनुभयो ।

सांसद अमृता विकले रुपन्देहीवासी शुद्ध पिउने पानीबाट वञ्चित भइरहेको भन्दै जिल्लामा अलपत्र परेका ३० वटा खानेपानी आयोजना तत्काल निर्माण पूरा गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद अम्बिकादेवी सङ्ग्रौलाले मुलुकको अर्थ नीतिप्रति निजी क्षेत्रको विश्वास बढाउनुपर्ने बताउनुभयो । सांसद अर्जुननरसिंह केसीले मनसुनजन्य विपद्बाट नुवाकोटका विभिन्न भेकमा सडक, पूल र बस्तीमा ठूलो क्षति पुगेको जनाउँदै पीडितलाई राहत, भत्केका सडक पूर्वाधार निर्माणमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद अशोककुमार चौधरीले कोशी राजमार्गअर्न्तत दुहबी खण्डको ५५० मिटर सडक पाँच वर्षदेखि अलपत्र रहेको भन्दै सो सडक तत्काल मर्मत गरेर नागरिकलाई सुविधा दिन माग गर्नुभयो ।

सांसद आशिष गजुरेलले वैदेशिक रोजगारीमा रहेका नागरिकले भोग्नु परेका ठगी, समयमा पारिश्रमिक नपाउनेलगायत अप्ठ्यारा समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद करिश्मा कठरियाले उद्यम गर्न चाहने युवाका लागि विशेष राहत प्याकेजसहित एक पटकका लागि कालो सूचीबाट हटाउने व्यवस्था गर्न माग गर्नुभयो । सांसद कविन्द्र बुर्लाकोटीले गोरखाका ग्रामीण भेकमा जग्गाको वास्तविक वजार मूल्यभन्दा अत्यधिक बढी मूल्याङ्कन गरिँदा अंशवण्डाका लागि एक टुक्रा जमिन नै बिक्री गर्नुपर्ने अवस्था रहेको भन्दै अव्यावहारिक कानुनी व्यवस्था तत्काल परिमार्जन गर्न आग्रह गर्नुभयो । सांसद कुलभक्त शाक्यले काठमाडौँमा मेलम्चीको पानी बन्द हुँदा वर्षायाममै पनि धारामा पानी नआउने समस्या बढ्दै गएको उल्लेख गर्दै काठमाडौँ उपत्यका आसपासका खानेपानीको मुहान संरक्षण गरी पानी अभावको दिगो समाधान गर्न माग गर्नुभयो । सांसद कृपाराम रानाले वैदेशिक रोजगारले मुलुकको अर्थतन्त्रमा २८ प्रतिशतले योगदान दिएको भए पनि वैदेशिक रोजगारीमा रहेका नेपालीले भोग्नुपरेको समस्या समाधानमा राज्य गम्भीर बन्न नसक्नु विडम्बना भएको धारणा राख्नुभयो ।

सांसद कृष्णहरि बुढाथोकीले बैंक तथा वित्तीय संस्थामा थुप्रेका रु १५ खर्बभन्दा बढी लगानीयोग्य रकम परिचालन गर्न सम्भाव्य परियोजनाको प्रोजेक्ट बैंक, अनुमति प्रकिया सरल, निजी क्षेत्रका लागि जोखिम घटाइदिने र व्यवसायमा सहजीकण गर्ने व्यवस्था गर्न माग गर्नुभयो । सांसद खुश्बु ओलीले त्रिभुवन विद्यालयअन्तर्गत निजी मेडिकल कलेजमा एमबिबिएस र बिडिएस अध्ययनरत तथा अध्ययन पूरा गर्न नसकेका विद्यार्थीबाट अतिरिक्त शुल्क लिइरहेका भन्दै त्यसतर्फ सरकारको ध्यानाकर्षण गराउर्नुभयो । सांसद खड्ग शाहीले प्रधानमन्त्रीको मुस्ताङ भ्रमणका बारेमा सदनलाई जानकारी गराउन माग गर्नुभयो । सांसद गजाला शमीम मिकरानीले तारकेश्वर नगरपालिकाका सामुदायिक विद्यालयमा आइतबार पनि कक्षा सञ्चालन भइरहेको र प्रश्न गर्ने शिक्षकलाई स्पष्टीकरण र जागिरबाट हटाउने धम्की आएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद गणेश पराजुलीले सरकारी अड्डामा प्रतिभाशाली युवालाई काम सिक्दै अनुभव हासिल गर्ने व्यवस्था मिलाउन सरकारसँग माग गर्नुभयो । सांसद गणेशबहादुर विश्वकर्माले दलित समुदायले भोग्दै आएको छुवाछूतको समस्या अन्त्य गर्न कडा कानुनीव्यवसथा गर्न माग गर्नुभयो ।

सांसद गणेशसिंह ठगुन्नाले सरकारी निकायमा कार्यरत अस्थायी, ज्यालादारी र करारका कर्मचारीलाई महँगी र प्रोत्साहन भत्ता उपलब्ध गराउन माग गर्नुभयो । सांसद गोविन्द पन्थीले सरकारी कार्यालयमा थन्केका पुराना सवारीसाधन मर्मत गर्न तथा मर्मत गर्न नसकिने सवारीलाई पारदर्शी ढङ्गबाट व्यवस्थापन गर्न सुझाव दिनुभयो ।

सांसद डा अच्युतम लामिछानेले नुवाकोटको विदुर-५ मा अलपत्र परेको रङ्गशाला निर्माण तत्काल सुरु गर्न माग गर्नुभयो । सांसदहरु एशुदाकुमार बराल, आनन्दबहादुर चन्द, उत्तमप्रसाद पौडेल, कामिनी कुमारी, कालीबहादुर सहकारी, कुशुम महर्जन, आशा झा, खिमा विक, खेमराज कोइराला, गणेश कार्की, गणेश धिमाल, गोपाल शर्मा, गङ्गालक्ष्मी अबाल, चन्दनकुमार सिंह र चन्द्रेश्वर मण्डलले छोरीचेलीलाई सुरक्षित जीवन जीउने अवस्था सुनिश्चित गर्न का सरकारको ध्यानाकर्षण गराउनुभयो ।

# विश्वविद्यालयका पदाधिकारीद्वारा आङ्गिक क्याम्पस निरीक्षण

चितवन । चितवन स्थित कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुरको उप कुलपति,'रजिष्ट्रार' र 'डिन सहितको पदाधिकारीको टोलीले विभिन्न चारवटा आङ्गिक क्याम्पसको स्थलगत निरीक्षण एवं समस्याका बारेमा छलफल गरेको छ ।

विश्वविद्यालयका उपकुलपति प्राडा ऋषिराम कट्टेलका अनुसार कलेज अफ नेचुरल रिसोर्स म्यानेजमेन्ट सिन्धुली, कटारी, पाखिबास र बर्दिबास क्याम्पसमा विश्वविद्यालयको टोली आकस्मिक निरीक्षण गरेको हो । ती चारवटामध्ये कटारीमा वन स्नातक अध्ययन अध्यापन हुन्छ भने तीन वटामा कृषि स्नातक तहको अध्ययन अध्यापन हुन्छ ।

विद्यार्थी, प्रध्यापक, कर्मचारी र क्याम्पस प्रमुखसँग छुट्टाछुट्टै छलफल गरिएको उपकुलपति प्राडा कट्टेलले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, " ती क्याम्पसको भौतिक पूर्वाधार, गुणस्तरीय शिक्षा, विद्यार्थीको भर्ना, सुशासन, पारदर्शिता, जवाफदेहिता लगायतका विषयमा छलफल गरी सुझाव लिने र कतिपय समस्या तत्कालै समाधान हुने गरी आवश्यक निर्देशन भयो ।" उपकुलपति प्राडा कट्टेलसँगै रजिष्ट्रार प्राडा सुबिर सिंह, कृषि सङ्कायका डिन प्राडा सुन्दर तिवारी र वन सङ्कायका डिन प्राडा गान्दिप काफ्लेको टोलीले क्याम्पसहरुको अनुगमन गरेको हो । सो क्रममा नयाँ विद्यार्थी भर्नाका लागि आवश्यक प्रचारका लागि समेत आग्रह गरिएको छ । यस विश्व विद्यालयमा कृषि, वन, पशु चिकित्सा विज्ञान तथा पशुपालन र मत्स्य विज्ञानको स्नातक र सोभन्दा माथि अध्ययन अध्यापन हुन्छ ।

# भरतपुर अस्पतालद्वारा सेवाग्राहीसंग शिष्ट व्यवहार गर्न स्वास्थ्यकर्मीलाई प्रशिक्षण

चितवन । यहाँको सरकारी अस्पताल भरतपुर अस्पताललाई हरियालीसँगै थप सेवाग्राही मैत्री बनाउने गरी काम अघि बढाइएको छ । बिरामीको उच्च चापको व्यवस्थापन गर्दै अस्पताल प्रशासनले चिकित्सक, कर्मचारी लाई सेवाग्राहीसँग गरिने व्यवहार राम्रो बनाउन अभिमुखीकरण कार्यक्रम पनि गर्न सुरु गरेको छ ।



बिरामीको सेवामा रहने चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीलाई सेवाग्राहीसँग मीठो बोल्न र राम्रो व्यवहार गर्न भनिएको छ । अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा विश्वबन्धु बगालेका अनुसार सबै विभागहरुमा व्यवहारलाई राम्रो गराउन अभिमुखीकरण गर्न थालिएको छ । तीन त्यस्ता कार्यक्रम गरी सकिएको छ । उहाँले भन्नुभयो, "यहाँ आउने सेवाग्राहीलाई हामी सबैले राम्रो व्यवहार गरेर उपचार दिनुपर्छ भन्ने भावनाको विकास गरिरहेका छौँ ।" कतिपय समयमा काम गर्ने क्रममा हुने व्यवहारका कारण समस्या आउने गरेको छ । यसैका कारण अस्पतालमा आउने सेवाग्राही र अस्पतालका चिकित्सक कर्मचारी बीचमा द्वन्द्व हुने गरेको छ ।

अस्पताल प्रमुख डा बगालेका अनुसार अस्पतालमा उपचारका लागि आउने बिरामी तथा आफन्तले भोग्ने व्यवहार र अस्पतालको वातावरणले उपचार सेवाप्रतिका विश्वासमा समेत प्रभाव पार्दछ । उहाँले भन्नुभयो "चिकित्सक, नर्स तथा अन्य कर्मचारीलाई सेवाग्राहीसँग सम्मानजनक, सहयोगी र शिष्ट व्यवहार गर्न निर्देशन दिइएको छ । यसलाई नै प्राथमिकता दिँदै अभिमुखीकरण गरिएको हो ।"

अस्पतालले स्वास्थ्य बिमा कार्यक्रम मा प्रमुख लिलाधर पौडेलको संयोजकत्वमा 'हस्पिटल ब्युटिफिकेसन कमिटी' बनाएको छ । उहाँले यसले अस्पताललाई हरियाली, सफासँगै सेवाग्राही मैत्री बनाउन काम गर्ने बताउनुभयो ।

वातावरणीय रुपमा सरसफाइसँगै हरियाली बनाउन, सेवाग्राहीसँग राम्रो व्यवहार गर्न, सहज रुपमा सेवा प्रवाह गर्न, पूर्वाधारलाई सुन्दर बनाउने जस्ता काम कमिटीले गरिरहेको छ । अस्पताल प्रमुख डा बगालेका अनुसार चिकित्सक स्वास्थ्यकर्मी लाई राम्रो व्यवहारका लागि अभिमुखीकरण, कम्तीमा १५ दिनमा एक पटक अभियानका रुपमा पूर्ण सरसफाइ र शौचालयहरुमा सरसफाइको रेकर्ड बोर्डमा राख्ने जस्ता काम अस्पतालले थालेको छ ।

उहाँले उपचार मात्र नभएर यससँगसँगै रहेका धेरै काम जसले सेवाग्राहीलाई प्रभाव पार्न सक्छ त्यससम्बन्धी काममा ध्यान पुऱ्याइएको बताउनुभयो ।

समितिका संयोजक पौडेलका अनुसार अहिले १५ दिनको एक पटक बृहत् रुपमा सरसफाइ गरिँदै आइएको छ । अस्पताल परिसरमा एउटा बाल उद्यानसहित ६ साना उद्यानहरु छन् । दुबो लगाइएका ती उद्यानहरुमा हरियाली हुने बिरुवाहरु छन् । तिनीहरुको सरसफाइ, गोडमेल, छाँटकाँट जस्ता काम गरिँदै आइएको छ । यसका अतिरिक्त अस्पताल परिसरमा बिरुवाहरु लगाउने, छाँटकाँट, गोडमेल, भौतिक पूर्वाधारहरुमा रङ्गरोगन जस्ता कामहरु भइरहेका छन् ।

यससँगै बिरामी र आफन्तहरु कुन भवनमा जाने हो त्यहाँ पुग्नका लागि सहज बनाउने काम भइरहेको छ । रङ्गहरुमार्फत सहजै जान चाहेको ठाउँमा पुग्ने गरी अस्पतालले व्यवस्थापन गर्दैछ । समितिका संयोजक पौडेलका अनुसार अस्पतालका कर्मचारीहरुबाट सेवाग्राहीसँगको व्यवहारमा सुन्दरता ल्याउने गरी काम भइरहेको छ । बिरामी र आफन्तहरुलाई अस्पतालभित्रका सूचना सहज बनाउने काम पनि गरिएको छ । शौचालयसहित अन्य ठाउँहरुमा सरसफाइको नियमित अनुगमनको काम पनि थालिएको छ । उहाँले भन्नुभयो, "कम खर्चमा फरकपना दिलाउने गरी हामी काममा लागेका छौँ ।" अस्पताल प्रशासनले अगाडि रहेको पुरानो भवन भत्काएर त्यहाँ पानीका फोहोरा, ढुङ्गेधार, बगैँचा बनाउने तयारी गरेको छ । कोही अस्पताल आउँदा जति नै तनाव लिएर आए पनि यहाँ छिरिसकेपछि वातावरणीय रुपमा शान्त बनाउने गरी काम गरिरहेका छौँ ।"

बिरामीको उपचारसँगै उनीहरूले पाउने सम्मान, स्वच्छ वातावरण र सहज सेवा पनि अस्पतालको गुणस्तरको महत्वपूर्ण पक्ष भएकाले भरतपुर अस्पतालले सुरु गरेको यो अभियानले सेवा संस्कृतिमा सकारात्मक परिवर्तन ल्याउने अपेक्षा गरिएको छ । यस अस्पतालमा विभिन्न जिल्लाबाट बिरामी उपचारका लागि आउने गर्दछन् । एकै दिनमा तीन हजार ८०० जनासम्म बहिरङ्ग सेवामा बिरामीले अस्पतालबाट सेवा लिएको तथ्याङ्क छ ।

# गृहिणीदेखि उद्यमीसम्म : मधेसमा बढ्दै महिला सहभागिता

जनकपुरधाम । धनुषाधाम नगरपालिका-४ अम्बिका श्रेष्ठ यतिबेला गाउँ नजिकैको चौकमा जेनरल स्टोर्स सञ्चालन गरिरहनुभएको छ ।

गत वर्षको असोजमा घरेलु तथा साना उद्योग कार्यालय धनुषामा जेनरल स्टोर्स दर्ता गराउनुभएकी उहाँ यतिबेला असल गृहिणीसँगै सफल व्यापारी बन्ने अभियानमा हुनुहुन्छ । प्रारम्भमा श्रीमान्लाई सञ्चालक बनाएर जेनरल स्टोर्स दर्ता गराउने सोच बनाउनुभएकी श्रेष्ठले सरकारले दिएको छुट सुविधाका कारण आफ्नै नाममा जेनरल स्टोर्स दर्ता गराउनुभयो ।

विगत घरकै काममा मात्र सीमित धनुषाकै सहिद नगरपालिका-५ की सुनिता साह यतिबेला आफ्नै नाममा फेन्सी स्टोर्स दर्ता गराएर यदुकाहा बजारमा व्यवसायी गर्दै आउनुभएको छ । सुनिता र अम्बिका मात्रै होइनन्, सरकारले उद्योग र व्यवसायी दर्ता दस्तुरमा महिलालाई सहुलियत दिएपछि मधेस प्रदेशका जिल्लामा महिला उद्योगी व्यवसायीको सङ्ख्या बढ्दै गएको छ । कुनै बेला महिलालाई सञ्चालक बनाएर उद्योग दर्ता गराउने सङ्ख्या न्यून रहेको मधेस प्रदेशमा केही समय यता महिलालाई नै मुख्य सञ्चालक बनाएर उद्योग व्यापार दर्ता गराउने क्रम बढेको हो । सरकारले राजपत्रमा सूचना प्रकाशित गरी महिला सञ्चालक भएको कारोबारको उद्योग व्यवसायीको दर्तामा ३५ प्रतिशत मात्र दस्तुत लाग्ने व्यवस्था गरेपछि महिलालाई सञ्चालक बनाएर उद्योग व्यापार दर्ता गराउने क्रम बढेको घरेलु तथा साना उद्योग कार्यालय धनुषाका प्रमुख सन्तोषकुमार साहले बताउनुभयो ।

हाल दैनिक १० देखि १२ वटासम्म नयाँ उद्योग व्यापार दर्ता हुने गरेकोमा करिब ७० प्रतिशत उद्योग व्यापार व्यवसाय महिलाकै नाममा दर्ता हुने गरेको प्रमुख साहको भनाइ छ । महिलाको नाममा दर्ता भएका व्यवसायतर्फ अधिकांश जेनरल स्टोर्स, सिलाइकटाइ टेलरिङ, ब्यूटी पार्लर रहेका छन् भने उद्योगतर्फ अधिकांश कृषि र माछा तथा पशुपालन बढी रहेको छ । मधेस प्रदेश सरकार उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको अनुसार गत आर्थिक वर्ष २०८२/८३ मा मधेस प्रदेशका आठवटै जिल्लाका चार हजार ८७८ महिलाले रोजगारी पाएका छन् । त्यसमध्ये सबैभन्दा बढी बारामा एक हजार ४७३, पर्सामा एक हजार २२७, रौतहटमा ३८५, सर्लाहीमा ५७५, महोत्तरीमा ३७५, सप्तरीमा ३६३, धनुषामा ३४४ र सिरहामा १३६ जना महिलाले रोजगारी पाएको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सूचना अधिकारी उपेन्द्रकुमार महतोले जानकारी दिनुभयो ।

गत आर्थिक वर्ष २०८२/८३ मा मधेस प्रदेशमा पाँच हजार ६८ वटा नयाँ उद्योग दर्ता भएको छ । सो अवधिमा पर्सामा एक हजार १०१, धनुषामा ७७७, बारामा ६३९, सर्लाहीमा ६३६, सिरहामा ५५४, रौतहटमा ५३३, महोत्तरीमा ५१४ र सप्तरीमा ३१४ वटा नयाँ उद्योग दर्ता भएकोछ ।

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

# मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि सहअस्तित्व आवश्यक

काठमाडौँ । मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा व्यवस्थापनका लागि सहअस्तित्व, वैज्ञानिक अध्ययन र स्थानीयस्तरको सहभागितामा जोड दिइएको छ ।

'नेपालमा मानव-वन्यजन्तु द्वन्द्व सम्बोधनसम्बन्धी संक्षिप्त प्राविधिक प्रतिवेदनः द्वन्द्व व्यवस्थापन, न्यूनीकरण तथा सहअस्तित्वका लागि राष्ट्रिय रणनीति' विषयक छलफलमा वन्यजन्तु र मानव समुदायबीच सन्तुलन कायम गर्नुपर्नेमा सांसदले जोड दिनुभयो ।

प्रतिनिधिसभा अन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा कृषि, वन तथा पर्यावरण मन्त्रालयद्वारा गठित मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन प्राविधिक कार्यदलले तयार पारेको उक्त प्रतिवेदनमाथि छलफल भएको हो ।

बैठकमा समिति सभापति अशोककुमार चौधरीले जनतासँग प्रत्यक्ष जोडिएका समस्यालाई समितिले प्राथमिकताका साथ उठाइने बताउनुभयो । उहाँले भन्नुभयो, "मानव-वन्यजन्तु द्वन्द्वका कारण नागरिकले भोगिरहेका समस्या समाधानका लागि आवश्यक पहल गर्न समिति तयार रहेको छ ।"

सांसद सुजाता तामाङले मानव र वन्यजन्तुबीच सहअस्तित्व र सहकार्य आवश्यक रहेको बताउँदै हानिकारक वन्यजन्तुको सङ्ख्या व्यवस्थापन गर्न सुझाव दिनुभयो । सांसद जनकसिंह धामीले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षणसम्बन्धी कानुनमा आवश्यक संशोधन गर्नुपर्ने बताउनुभयो । उहाँले बदलिँदो परिस्थिति अनुसार मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण का लागि कानुनी तथा संस्थागत व्यवस्था प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो ।

सांसद ज्ञानेन्द्रसिंह महताले वन्यजन्तुबाट हुने क्षति कम गर्न वैकल्पिक बालीको प्रवर्द्धन गर्नुपर्ने बताउनुभयो । वन्यजन्तुले बढी क्षति गर्ने क्षेत्रमा स्थानीय किसानलाई वन्यजन्तुले नखाने वा कम क्षति गर्ने बालीतर्फ आकर्षित गर्न सके द्वन्द्व न्यूनीकरणमा सहयोग पुग्ने उहाँको भनाइ छ । सांसद खगेन्द्र कर्णाले वन्यजन्तुबाट प्रभावित किसानलाई प्रभावकारी रूपमा क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने बताउनुभयो । वन्यजन्तुका कारण किसानको उत्पादनमा क्षति हुँदा त्यसको आर्थिक भार किसानले मात्र व्यहोर्नुपर्ने अवस्था अन्त्य गर्नुपर्ने उहाँको भनाइ छ । सांसद केपी खनालले हात्तीका कारण जनधनको क्षति बढ्दै जाँदा स्थानीय बासिन्दामा मानसिक त्राससमेत बढेको बताउनुभयो । भारतबाट आउने हात्तीका कारण सीमावर्ती क्षेत्रमा सुरक्षा समस्या बढिरहेको उल्लेख गर्दै नीलगाईलगायतका वन्यजन्तुको समेत वैज्ञानिक व्यवस्थापन गर्नुपर्ने उहाँले बताउनुभयो । सांसद सुरेशकुमार चौधरीले बाँदरको सङ्ख्या व्यवस्थापनका लागि बन्ध्याकरणको उपायमा गम्भीरतापूर्वक छलफल गर्नुपर्ने सुझाव दिनुभयो । सांसद सागर ढकालले मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि तत्काल नतिजामुखी पहल गर्नुपर्ने बताउनुभयो । उहाँले बाँदरबाट हुने क्षति नियन्त्रणका लागि स्थानीयस्तरमा 'बाँदर हेरालु' परिचालन गर्न सकिने सुझाव दिनुभयो । सांसद राजीव खत्रीले मानव र वन्यजन्तुबीचको सहअस्तित्वलाई प्राथमिकतामा राखेर द्वन्द्व न्यूनीकरणका कार्यक्रम अघि बढाउनुपर्ने बताउनुभयो । कृषि, वन तथा पर्यटन मन्त्रालयका प्रवक्ता डा महेश्वर ढकालले वन्यजन्तु संरक्षणसँगै स्थानीय समुदायको जीविकोपार्जन र सुरक्षालाई पनि समान प्राथमिकता दिई दीर्घकालीन रणनीति निर्माण गर्नुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय प्रकृति संरक्षण कोष ( एनटीएनसी) का वरिष्ठ अधिकृत अशोक सुवेदीले वन्यजन्तुको सङ्ख्या बढी भएका स्थानमा वैज्ञानिक मापदण्ड र निश्चित प्रोटोकलका आधारमा व्यवस्थापन गर्नुपर्ने बताउनुभयो । उहाँले बाँदरको बढ्दो समस्यालाई सम्बोधन गर्न स्थानीय तहलाई सक्रिय तुल्याउन र आवश्यक अध्ययनपछि बाँदरको बन्ध्याकरणलगायतका उपाय अवलम्बन गर्न सकिने धारणा राख्नुभयो ।

# विकास आयोजनाको स्थलगत अनुगमन गर्दै सभापति ढकाल

नारायणगढ (चितवन) । सांसद हरि ढकालले विकास निर्माणका विभिन्न आयोजना तथा योजनाको स्थलगत अनुगमन गर्नुभएको छ ।

उहाँले चितवन क्षेत्र नं १ का आयोजना तथा योजनाको स्थलगत अनुगमन गर्नुभएको हो ।

ढकाल चितवन जिल्ला क्षेत्र नं १ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य एवं राज्य व्यवस्था तथा सुशासन समितिका सभापति हुन् ।

सभापति ढकालसहित सङ्घीय कार्यालय अन्तर्गतका प्रतिनिधि तथा प्राविधिक टोलीले रत्ननगर नगरपालिकाका विभिन्न वडामा पुगेर गत आर्थिक वर्षदेखि सञ्चालनमा रहेका तथा निर्माणाधीन आयोजनाको प्रगति, गुणस्तर र कार्यान्वयन अवस्थाबारे सम्बन्धित अधिकारी, प्राविधिक तथा स्थानीयसँग जानकारी समेत सो क्रममा लिनुभएको हो ।

चालु आर्थिक वर्षमा सञ्चालन हुने नयाँ आयोजना तथा कार्यक्रमका लागि आवश्यक तयारी र सम्भावित कार्यस्थलको समेत स्थलगत अवलोकन गरी योजनालाई समयमै कार्यान्वयनमा लैजाने, गुणस्तरीय र परिणाममुखी बनाउने विषयमा सम्बन्धित निकाय तथा मन्त्रालयसँग आवश्यक समन्वय र पहल गरिने सभापति ढकालले बताउनुभयो । स्थलगत अनुगमन टोलीमा जिल्लास्थित सहरी विकास, सिँचाइ, सडक, भौतिक पूर्वाधार, भूमिगत सिँचाइ तथा नारायणी तटबन्धन कार्यालयका प्रमुख तथा प्रतिनिधि सहभागिता थियो ।

सभापति ढकालले भन्नुभयो, "सहरी विकास, सिँचाइ, सडक, भौतिक पूर्वाधार, भूमिगत सिँचाइ तथा तटबन्धन लगायतका क्षेत्रमा भइरहेका र आगामी योजनालाई समयमै, गुणस्तरीय र परिणाममुखी रूपमा अघि बढाउने विषयमा सम्बन्धित निकायसँग आवश्यक समन्वय र पहल गरिरहेका छौँ ।" यसैबीच, सभापति ढकालले केही दिनअघि जिल्लाका विभिन्न सरकारी कार्यालयका प्रमुखसँग चालु आर्थिक वर्षको बजेट तथा योजना कार्यान्वयनका विषयमा छलफल गर्नुभएको थियो ।

विकास निर्माणका आयोजना तथा कार्यक्रम तोकिएको समयसीमाभित्र गुणस्तरीय रूपमा सम्पन्न गर्न तथा जनताको अपेक्षा र आवश्यकतालाई केन्द्रमा राखेर बजेटको प्रभावकारी कार्यान्वयन र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन निरन्तर पहल गरिने उहाँले बताउनुभयो ।

# सञ्चालकको अयोग्यतासम्बन्धी व्यवस्था बाफियामै स्पष्ट गर्न आग्रह

काठमाडौँ । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बैंक तथा वित्तीय संस्थाका सञ्चालकको अयोग्यतासम्बन्धी व्यवस्था नेपाल राष्ट्र बैंक ऐनमा मात्र राख्दा कानुनी विरोधाभास उत्पन्न हुने भएकाले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन (बाफिया) मै स्पष्ट व्यवस्था गर्नुपर्ने बताउनुभएको छ ।

अर्थ समितिको सोमबारको बैठकमा नेपाल राष्ट्र बैंक (तेस्रो संशोधन) विधेयक, २०८३ माथिको दफावार छलफलका क्रममा अर्थमन्त्री वाग्लेले सम्बन्धित विषय सम्बन्धित ऐनमै सम्बोधन गर्नुपर्ने बताउनुभएको हो ।

उहाँले बाफियाको सम्बन्धित व्यवस्थामा संशोधन गर्न अर्थ मन्त्रालयले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा प्रस्ताव पठाइसकेको जानकारी दिनुभयो । केही नेपाल ऐन संशोधन गर्ने विधेयकमार्फत बाफियाको दफा १८(१)(ड) मा आवश्यक संशोधन गर्ने प्रक्रिया अघि बढाइएको उहाँले बताउनुभयो ।

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ (बाफिया) को दफा १८ मा सञ्चालकको अयोग्यतासम्बन्धी व्यवस्था छ। दफा १८ को उपदफा (१) को खण्ड ( ड) मा 'बैंक वा वित्तीय संस्थाको सञ्चालक हुन प्रचलित कानूनबमोजिम नियमनकारी निकायले कानूनविपरीत कार्य गरेको भनी कारबाही गरेको वा त्यस्तो कारबाही भएको पाँच वर्ष अवधि व्यतीत नभएको' व्यक्ति सञ्चालक हुन अयोग्य हुने व्यवस्था गरिएको छ ।

"राष्ट्र बैंक ऐनले लेखे पनि बाफियाले यसलाई सम्बोधन गरेन भने यो निष्प्रभावी हुन्छ । त्यसैले बाफियामै लेखेर जानुपर्नेछ," अर्थमन्त्री वाग्लेले भन्नुभयो । राष्ट्र बैंक ऐनमा मात्र संशोधन गर्दा पुनः बाफियासँग मिलाउनुपर्ने अवस्था आउने भएकाले सरकारले सम्बन्धित ऐनमै संशोधनको प्रक्रिया अघि बढाएको अर्थमन्त्रीले जानकारी दिनुभयो । समितिका सभापति कृष्णहरि बुढाथोकीलगायत समितिका सदस्यहरूले सर्वोच्च अदालतको फैसलापछि नसिहत पाएका व्यक्तिसमेत अयोग्य ठहरिनसक्ने अवस्था देखिएको भन्दै त्यसले बैंकिङ क्षेत्रमा गम्भीर समस्या सृजना गर्नसक्ने उहाँहरूले बताउनुभयो । उहाँहरूले राष्ट्र बैंक ऐनसँगै बाफियामार्फत समेत आवश्यक व्यवस्था गर्नुपर्ने धारणा राख्नुभयो।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधिले पनि सम्बन्धित विधेयकमै संशोधन गरेर जाने र बाफियामै व्यवस्था मिलाउने प्रक्रिया अघि बढेको जानकारी गराउनुभयो । समितिमा नेपाल राष्ट्र बैंक (तेस्रो संशोधन) विधेयक, २०८३ माथि दफावार छलफल जारी छ ।

# दश हजार जनाद्वारा उच्च रक्तचापको औषधि सेवन

काभ्रेपलाञ्चोक । काभ्रेलाई नसर्ने रोगको सिकाइ केन्द्र बनाइने भएको छ । यसका लागि प्राथमिक स्वास्थ्य सेवा सुदृढ गर्दै जिल्लालाई राष्ट्रिय नमूना तथा सिकाइ केन्द्रका रुपमा विकास गर्ने विषयमा यहाँ प्रतिबद्धता जनाइएको छ ।

सो विषयमा संवाद तथा नीतिगत छलफलमा जिल्लाका १३ वटै स्थानीय तहका प्रमुखले यस्तो प्रतिबद्धता पनि जनाएका छन् । स्वास्थ्य सेवा विभाग, नसर्ने रोग तथा मानसिक स्वास्थ्य शाखा प्रमुख डा पोमावती थापाले काभ्रेपमा नसर्ने रोगको रोकथाम तथा व्यवस्थापनका क्रममा हालसम्म प्राप्त उपलब्धि, अनुभव र सिकाइबारे कार्यपत्र प्रस्तुत गर्दै यसबाट उच्च रक्तचापबाट उत्पन्न हुनसक्ने जटिलता न्यूनीकरणमा सहयोग पुगेको बताउनुभयो ।

विसं २०७९ भदौ १७ गतेदेखि सुरु गरिएको अभियानअन्तर्गत जिल्लाका १३ वटै स्थानीय तहका १६७ स्वास्थ्य संस्थाबाट उच्च रक्तचापका बिरामीको पहिचान, उपचार र निगरानी भइरहेको जनाइएको छ । स्थानीय सरकार र विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)को सहयोगमा ६१८ स्वास्थ्यकर्मीलाई तालिम प्रदान गरिसकिएको छ भने जिल्लाका करिब १० हजार व्यक्ति नियमित रुपमा उच्च रक्तचापको औषधि सेवन गरिरहेका छन् ।

जिल्लामा सुरु गरिएको यस नमूना कार्यक्रम नेपालमै पहिलो भएको र त्यसको अनुभवका आधारमा हाल पर्सा, बारा, कैलाली र इलाममा पनि विस्तार गरिएको स्वास्थ्य सेवा विभागले जनाएको छ । आगामी दिनमा यस्तो कार्यक्रम क्रमशः अन्य जिल्लामा बिस्तार गर्ने तयारी रहेको विभागले जनाएको हो ।

एक तथ्याङ्कअनुसार प्रत्येक वर्ष एक लाख ३७ हजारभन्दा बढी मानिसको मृत्यु नसर्ने रोगका कारण हुने गरेको र करिब ४७ लाख व्यक्ति उच्च रक्तचापको जोखिममा रहेका छन् । दक्ष स्वास्थ्यकर्मीमा आधारित सेवा, प्रोटोकलअनुसार उपचार, प्रभावकारी बिरामी प्रेषण प्रणाली, बिरामीको 'ट्र्याकिङ' तथा बिरामीको 'फलोअप', औषधिको नियमितता र आपूर्ति सुनिश्चितता लाई प्राथमिकता दिनुपर्नेमा जोड दिएको छ । यस्तै, सङ्गठनका वरिष्ठ स्वास्थ्य नीति सल्लाहकार डा ग्याम्पो दोर्जीले काभ्रेको अनुभव अन्य जिल्लाका लागि महत्वपूर्ण हुने उल्लेख गर्दै बिरामीको नियमित रेखदेख तथा औषधिको निरन्तरतामा विशेष ध्यान दिनुपर्ने धारणा राख्नुभएको छ । बाग्मती स्वास्थ्य मन्त्रालयका सचिव डा सुमित्रा गौतमले काभ्रेको सिकाई देशभर नमूना हुने तर्क गर्नुभएको छ ।

छलफलमा उच्च रक्तचापको उपचारबाट लाभ लिइरहेका दुई सेवाग्राहीले स्वास्थ्यकर्मीको नियमित सेवा र आफूहरुको नियमित औषधि सेवनले आफूहरुले नयाँ जीवन पाएको सुनाउनुभयो । उहाँहरुले उच्च रक्तचापसम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाउन जनचेतनामूलक प्रचार-प्रसार अघि बढाउनसमेत सुझाउनुभएको छ । 'गोलमेच नीतिगत संवाद' नामकरण गरिएको कार्यक्रममा नौबुँदे प्रतिबद्धतापत्रसमेत सार्वजनिक गरियो । प्रतिबद्धतापत्रमा नागरिकलाई स्वास्थ्य सेवाको केन्द्रमा राखिने, नसर्ने रोगसम्बन्धी कार्यक्रमलाई निरन्तरता दिँदै सेवा बिस्तार गर्ने तथा तीन तह सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय-सहकार्य सुदृढ गर्ने र दिगो प्राथमिक स्वास्थ्य सेवा प्रणाली विकास गर्ने उल्लेख गरिएको छ ।

यस्तै, काभ्रेलाई प्राथमिक स्वास्थ्य सेवाको राष्ट्रिय सिकाइ केन्द्रका रूपमा विकास गर्ने, स्रोत परिचालन तथा समन्वयमार्फत कार्यक्रमको दिगोपन सुनिश्चित गर्ने, तथ्य र परिणामका आधारमा जवाफदेहिता कायम गर्ने, राष्ट्रिय स्वास्थ्य-प्रणाली रुपान्तरणमा स्थानीय तहको नेतृत्व स्थापित गर्ने तथा जिल्लालाई राष्ट्रिय र अन्तरराष्ट्रिय सिकाइ तथा नमूना केन्द्रका रुपमा विकास गर्ने प्रतिबद्धता जनाइएको छ । प्रतिबद्धतापत्रमा काभ्रेपलाञ्चोकका १३ वटै स्थानीय तहका प्रमुखले हस्ताक्षर गरेका छन् ।

# आरुघाट अस्पताल स्तरोन्नति गर्न छ पालिका मिलेर काम गर्ने सहमति

गोरखा । गोरखा र धादिङको सीमा क्षेत्रमा अवस्थित आरुघाट आधारभूत अस्पतालको सेवा विस्तारका लागि दुवै जिल्लाका पाँच पालिकाबीच मिलेर काम गर्ने सहमति भएको छ ।

ऐतिहासिक महत्व बोकेको आरुघाट बजारमा रहेको उक्त अस्पताल को सेवा विस्तार गर्न यसअघि पनि दुई जिल्लाका प्रतिनिधिबीच छलफल भएको गाउँपालिकाका स्वास्थ्य शाखा संयोजक प्रवीन थापाले जानकारी दिनुभयो ।

अस्पतालको प्रभाव क्षेत्र धादिङ जिल्लाको त्रिपुरासुन्दरी र गङ्गाजमुना तथा गोरखाको भिमसेनथापा, धार्चे र चुमनुब्री गाउँपालिका पदाधिकारी बीच छलफल भएको संयोजक थापाले जानकारी दिनुभयो । छलफलमा आरुघाट अस्पतालबाट आधारभूत स्वास्थ्य सेवा विस्तार, नसर्ने रोगको उपचार, स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयन र हेमो-डायलिसिस सेवा सञ्चालन गर्न आवश्यक पहल गर्ने निर्णयसमेत भएको छ। आरुघाट अस्पतालमा ती सेवा विस्तार गर्न सबै गाउँपालिकाहरुले सहयोग तथा समन्वय गर्ने निर्णय भएको पालिकाको छ । "आरुघाट बजारबीच भागमा पर्ने हुनाले यहाँको अस्पतालमा धादिङका दुई र गोरखाका तीन गाउँपालिकाका बिरामीहरु सेवा लिन आउँछन्", थापाले भन्नुभयो, "आरुघाट आधारभूत अस्पतालको सेवा विस्तार गर्न सबै पालिकाहरुले पहल गर्ने निर्णय भएको छ। यसले छ वटै पालिकाका नागरिकहरुले गुणस्तरीय स्वास्थ्य सेवा पाउन सक्छन् ।"

त्यस अवसरमा अस्पतालको सामाजिक सेवा इकाइमार्फत अति विपन्न, असहाय, कारागारका बिरामीहरु, बेवारिसे बिरामी र बृद्धबृद्धा लाई निःशुल्क रुपमा स्वास्थ्य सेवा प्रदान गर्ने निर्णय भएको गाउँपालिकाले जनाएको छ । सामाजिक सेवा इकाई स्थापनाका लागि छ वटै गाउँ पालिकाहरुले सहकार्य, समन्वय गर्ने निर्णय




भएको उल्लेख छ। आरुघाट गाउँपालिकाका अध्यक्ष राजु गुरुङको संयोजकत्वमा भएको छलफलमा ती पालिकाका प्रमुख एवं प्रतिनिधि तथा प्रदेश जनस्वास्थ्य कार्यालय गोरखाका जनस्वास्थ्यका अधिकारीको सहभागिता थियो ।

अस्पताल जस्तो महत्वपूर्ण क्षेत्रको समग्र विकसका लागि निश्चित क्षेत्रबाटको मात्रै सहयोगल प्रयाप्त जहुने भएकाले पनि यो खालको वातावरण तयार गरिएको एक सहभागिले बताए। स्थानीय स्थरमै गुणस्तरिय सेवा प्राप्त हुने विश्वासका साथ यो खालको काम गर्न आँटिएको हो कुराकानीको क्रममा उहाले बताउनुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्धारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com